नेपाल सरकार

# गृह मन्त्रालय

पत्र संख्याः- २०८२/८३

प्राप्त पत्र संख्या र मितिः-

च.नं.:- १९६६

सिंहदरवार,

काठमाडौं, नेपाल ।

मिति २०८३/०२/२८

ने.सं.११४६ अनालागा एकादशी

**विषयः कार्यविवरण तथा कार्यसम्पादन सूचक लागू गर्ने सम्बन्धमा।**

श्री महाशाखा (सबै), गृह मन्त्रालय, सिंहदरवार, काठमाण्डौं।

श्री राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, सिंहदरवार, काठमाण्डौं।

श्री अध्यागमन विभाग, कालिकास्थान, काठमाण्डौं।

श्री राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग, सिंहदरबार, काठमाण्डौं।

श्री कारागार व्यवस्थापन विभाग, कालिकास्थान, काठमाण्डौ।

श्री कसुरजन्य सम्पत्ति व्यवस्थापन विभाग, सिंहदरवार, काठमाण्डौ।

श्री जिल्ला प्रशासन/ईलाका प्रशासन/ सीमा प्रशासन कार्यालय, सबै।

श्री जुद्धारुण यन्त्र कार्यालय, भक्तपुर।

श्री समरजंग कम्पनी कार्यालय, सिंहदरवार, काठमाण्डौं।

प्रस्तुत सम्बन्धमा नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०८२/१२/१३ गतेको बैठकबाट स्वीकृत शासकीय सुधार सम्बन्धी एकसय कार्यसूचीको बुंदा नं.१६ मा "कर्मचारीहरूको कार्यसम्पादनलाई परिणामसँग जोड्न प्रत्येक पदको कार्य विवरणको वस्तुनिष्ठ कार्यसम्पादन सूचक सम्बन्धित सार्वजनिक निकाय/कार्यालयले ४५ दिनभित्र तयार गर्ने तथा कार्यसम्पादन मूल्याङ्कन गर्दा राम्रो र कमजोर कार्यसम्पादनलाई समान व्यवहार गर्ने प्रवृत्ति हटाउन ९० दिनभित्र कार्यसम्पादनमा आवद्ध उत्तरदायित्व र पुनरावलोकन प्रणाली लागू गर्ने" समेत निर्णय भएको विदितै छ।

उक्त निर्णय सम्बन्धमा तत्कालीन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प.सं.२०८२/८३ च.नं.१२१ मिति २०८३/०१/०८ गतेको पत्र मार्फत मन्त्रालय र मन्त्रालय अन्तर्गतका सम्पूर्ण विभाग/कार्यालयको अद्यावधिक कार्यविवरण अनुसार कार्यसम्पादन सूचक/KPI तोकिएको ढाँचामा तयार गर्ने भनी पत्राचार भए बमोजिम यस मन्त्रालयको प.सं.२०८२/८३ च.नं.१६४८ मिति २०८३/०१/११ गतेको पत्रबाट विवरण माग भए अनुसार तहाँबाट तयार गरी पठाइएको कार्यविवरण तथा कार्यसम्पादन सूचकको आवश्यक विश्लेषण गरी अन्तिम रूप दिन मन्त्रालयका सहसचिवको संयोजकत्वमा गठित समितिले मन्त्रालयमा पेश गरेको प्रतिवेदनमा उल्लिखित तहाँसँग सम्बन्धित कार्यविवरण तथा कार्य सम्पादन सूचक (KPI) को कार्यान्वयन गर्ने, गराउने व्यवस्थाका लागि उक्त विवरणको Soft Copy यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा निर्णयानुसार अनुरोध छ।

(मीना अर्याल)

उपसचिव